# जिल्ला विकास समिति महासंघ नेपाल
**Association of District Development Committees of Nepal**
(ADDC/N)
1994

Ref. No.:- ०६८/६९/215

Date :-
२०६९।२।३२

## प्रेस विज्ञप्ती

जिविस महासंघ नेपाल विकेन्द्रीकरण र स्थानीय सरकारको स्वायत्तताका पक्षमा स्थापना काल देखि नै वकालति तथा सदस्य जिविसहरुको श्रोत वृद्धि एवम् क्षमता विकासका पक्षमा केन्द्र सरकार तथा सरोकारवालाहरु समक्ष पैरवी गर्दै आएको सर्वविदितै छ । २०६९ जेष्ठ २८ र ३० गते काठमाण्डौंमा बसेको महासंघको कार्य समितिको बैठकका निर्णयहरु निम्नानुसार प्रेषित गर्दछौं ।

१. नेपालको लोकतान्त्रिक आन्दोलनका क्रममा वि.सं. २००७ साल देखि कै मागको रुपमा रहेको संविधानसभाको निर्वाचन २०६४ चैत्र २८ मा २ वर्षका लागि सम्पन्न भई पहिलो बैठकबाट नै निरंकुश राजतन्त्रको अन्त्य गरी शान्ति प्रकृयालाई दिगो बनाउने, जनताले आफुलाई शासित गर्ने कानुन आफै निर्माण गर्ने तथा राज्यको पुनःसंरचना गरी २१औं शताब्दीको आवश्यकता र माग वमोजिम मुलुकलाई अघि बढाउने आसा २ वर्षको थप म्याद पछि पनि अधुरो रहन गएको र संविधानसभा विघटन भएकोमा जिविस महासंघ नेपाल दुख व्यक्त गर्दछ । लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास तथा अधुरा काम पूरा गर्न फेरि पनि राजनीतिक दलहरु बीचको सहमति अपरिहार्य रहेकोले सहमति सहित संविधान निर्माण प्रकृया पूरा गर्न राजनीतिक दल तथा सबै सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछौं ।

२. लोकतन्त्रको आधारका रुपमा रहेका स्थानीय निकायहरुमा जनताले निर्वाचित प्रतिनिधिद्वारा शासित हुन पाउने नैसर्गिक अधिकार रहने तथा जनताका नजिकका सरकारहरुको वि.सं. २०५९ साल देखि निर्वाचन नगरी स्थानीय स्तरको विकास निर्माण तथा सामाजिक सहिष्णुता समेत खलबलिदै गएको वर्तमान सन्दर्भमा यथाशीघ्र स्थानीय निर्वाचन गर्न आगामी वर्षको बजेटमा स्थानीय निर्वाचनका लागि राजनैतिक सहमति सहित रकमको व्यवस्था गर्न नेपाल सरकार तथा सरोकारवाला सबैमा हार्दिक आह्वान गर्दछौं ।

३. नेपाल सरकार (मन्त्री स्तर) को २०६३/१०/११ को निर्णय कार्यान्वयनका लागि पुनरावेदन अदालत जनकपुरको मिति २०६८ बैशाख १ गतेको जिल्ला प्राविधिक कार्यालय सञ्चालन सम्वन्धमा गरेको जिविसहरुलाई पंगु बनाई स्थानीय लोकतन्त्रको उपहास तथा प्राविधिकहरुको मात्र इशारामा चल्ने तथा भ्रष्टाचार झन् बढ्ने आशंका सहितको निर्णयको विपक्षमा सदस्य जिविसका वर्तमान प्रमुख रहेका स्थानीय विकास अधिकारी तथा तिनको स्थाविअ समाजसँग सहकार्य गर्दै निर्णय परिवर्तन गराउन नेपाल सरकार तथा सर्वोच्च अदालतमा आवश्यक कारवाही अगाडि बढाउने निर्णय भएको छ ।

४. सदस्य जिविसहरुको सदस्यता शूल्कको नियमितता तथा राज्य पुनःसंरचनामा जिल्ला सरकारको औचित्यता लगायतका विषयमा स्थानीय विकास मन्त्रालयको वार्षिक समिक्षासंगै स्थाविअहरुको भेला तथा अन्तरक्रिया गर्ने निर्णय गरिएको छ ।

.........................
कृष्ण प्रसाद जैशी
प्रवक्ता
जिविस महासंघ नेपाल

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.ब.नं. : १२०२२, फोन: ५५५४०८१, ५५२९२०२, फ्याक्स: ००९७७-१-५५४८४६९
Mailing Address:- Sanepa Mode, Lalitpur, Nepal, P.O. Box # 12022, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np